# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, वैशाख २ गते २०५४ साल (संख्या १

## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५३।११।१० को निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत द्वय श्री दानबहादुर शाही र श्री पद्‌मप्रसाद पोखरेलको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सारेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई विश्व बैंक र भारत सरकारको संयुक्त तत्वावधानमा भारतको राजधानी नयां दिल्लीमा हुने प्रतिस्पर्धात्मक नीति विषयको सम्मेलनमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५३।१२।३ देखि कायम मुकायम मुकर्रर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

सूचना तथा संचार मन्त्रालयका सचिव श्री सुशीलकान्त झा ब्रिटिश सरकारको निमन्त्रणामा दूरसंचार सेवाको संचालन र विस्तारमा निजी क्षेत्रको सहभागिता सम्बन्धी जानकारी राख्न तत्सम्बन्धी निकाय र पदाधिकारीहरू, लगानीकर्ताहरू आदिसंग भेटघाट छलफल गर्न बेलायततर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ढुण्डिराज खनाललाई मिति २०५३।१२।३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारको मिति २०५३।११।१० को निर्णयानुसार देहायका विशिष्ट श्रेणीका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ–

| क्र.सं. | नाम, थर | साविक पद, सचिवालय, मन्त्रालय, कार्यालय, आयोग समूह, विभाग | हाल सरुवा भएको पद, सचिवालय, मन्त्रालय, कार्यालय आयोग |
|---|---|---|---|
| १. | श्री शम्भुशरण प्रसाद कायस्थ | सचिव, आपूर्ति मन्त्रालय। | सचिव, मन्त्रिपरिषद् सचिवालय । |
| २. | श्री पुण्यप्रसाद दाहाल | सचिव, प्रधानमन्त्रीको कार्यालय । | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय । |
| ३. | श्री मोहनदेव पन्त | सचिव, वाणिज्य मन्त्रालय । | सचिव, कृषि मन्त्रालय । |
| ४. | श्री रेवतीरमण पोखरेल | सचिव, प्रशासन सुधार अनुगमन समिति (सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदाधिकार रहेको)। | सचिव, स्वास्थ्य मन्त्रालय । |
| ५. | श्री सुशिलकान्त झा | सचिव, लोक सेवा आयोग । | सचिव, सूचना तथा संचार मन्त्रालय । |
| ६. | श्री खेमराज रेग्मी | रा प. विशिष्ट श्रेणी, (सामान्य प्रशासन मन्त्रा-लयको अतिरिक्त समूह) | सचिव, गृह मन्त्रालय । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ७. | श्री भोजराज पोखरेल | सचिव, सूचना तथा संचार मन्त्रालय । | सचिव, आपूर्ति मन्त्रालय । |
| ८. | श्री कर्णबहादुर चन्द | सचिव, मन्त्रिपरिषद् सचिवालय । | सचिव, श्रम मन्त्रालय । |
| ९ | श्री रविन्द्रकुमार शाक्य | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय । | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय । |
| १०. | श्री तीर्थमान शाक्य | सचिव, कानून सुधार आयोग । | सचिव, कानून तथा न्याय मन्त्रालय । |
| ११. | श्री सुरेशमान श्रेष्ठ | सचिव, कानून तथा न्याय मन्त्रालय । | सचिव, कानून सुधार आयोग । |
| १२. | श्री शरदकुमार भट्टराई | सचिव, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय । | सचिव, शिक्षा मन्त्रालय । |
| १३. | श्री जीतबहादुर कार्की | सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग । | सचिव, निर्माण तथा यातायात मन्त्रालय । |
| १४. | श्री आनन्दवल्लभ जोशी | सचिव, श्रम मन्त्रालय । | सचिव, लोक सेवा आयोग । |
| १५. | श्री पुरुषोत्तम भट्टराई | मुख्य अधिकृत, विशेष प्रहरी विभाग । | सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग । |
| १६. | श्री घनानाथ ओझा | सचिव, स्वास्थ्य मन्त्रालय । | सचिव, महिला तथा समाज कल्याण मन्त्रालय । |
| १७. | श्री सूर्यनाथ उपाध्याय | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय । | सचिव, वाणिज्य मन्त्रालय । |
| १८. | श्री खगेन्द्र बस्नेत | सचिव, संसदीय व्यवस्था मन्त्रालय । | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय । |
| १९. | श्री डमरुवल्लभ भट्टराई | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय । | सचिव, प्रधानमन्त्रीको कार्यालय । |
| २०. | श्री वरूणप्रसाद श्रेष्ठ | का.मु. सचिव, निर्माण तथा यातायात मन्त्रालय । | का.मु. सचिव, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय । |

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।